# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Ph:- 021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.: २०८१/०८२
च.नं./Ref.No.

मिति (Date): २०८१/१२/१९

**विषय :– माछाको भुरा वितरण गरिने सूचना ।**

प्रस्तुत विषयमा यस कटहरी गाउँपालिका पशुपन्छी सेवा शाखाको आ.व.२०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार शत प्रतिशत अनुदानमा **माछाको भुरा वितरण कार्यक्रम** रहेको हुँदा यस गाउँपालिका अन्तर्गतका ईच्छुक माछा पालन गर्ने कृषक/माछा पालक कृषक समूह/माछा पालन कृषि फार्म/माछा पालन कृषि सहकारी संस्थाहरु वाट दरखास्त आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा पेश गर्ने गरि तपशिल बमोजिमका माछाको जात मागको विवरण कटहरी गाउँपालिका पशुपंन्छी सेवा शाखामा निम्न उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नु हुन अनुरोध छ ।

**तपशिल**

१) कमनकार्प ।
२) सिल्भरकार्प ।
३) विगहेटकार्प ।
४) ग्रासकार्प ।
५). नैनी ।
६) रहु ।
७) भाकुर ।

**निवेदन साथ संलग्न गनुपर्ने कागजातहरु :**

१)निवेदन ।
२) निवेदकको नागरिकता प्र.प.को प्रतिलिपि ।
३) सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्रमा माछा पोखरीको पानीको क्षेत्रफल एकिन भएको हुनु पर्ने ।
४) सम्वन्धीत पोखरी माछा पालन गर्ने जग्गाको धनिपुर्जाको प्रतिलिपी ।
५) सम्वन्धीत पोखरी माछा पालन गर्ने जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपी ।
६) माछा पालन कृषक/समूह /फार्म तथा संहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रतिलिपी ।

**बोधार्थ :**

१.श्री सूचना तथा प्रविधि शाखा : कार्यालयको **Facebook** र **Website** मा **Upload** गर्नु हुन तथा सवै वडा कार्यालयहरुमा सम्प्रेसण गरि दिनु हुन ।
२.श्री सवै वडा कार्यालयहरु : सूचना टाँस गरि सहजिकरण गरि दिनु हुन ।

प्रमुख प्रशासकीय अधिकृत
........ गौतम
(प्रमुख प्रशासकिय अधिकृत)

**(नोट :–विस्तृत जानकारीको लागी कटहरी गा.पा.को पशुपंन्छी सेवा शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ। साथै माछा भुराको मुल्य पछि निर्धारण गरिने जानकारीको लागि अनुरोध छ।)** (९८६२२९०३०० र ९८५२०२९६४५)